कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल ।
२०७३

प.स. २०७८/०७९
च.नं. १६८

मिति :-२०७९/०२/१९

**बिषय : छात्राहरुलाई सेनिटरी प्याड बितरण सम्बन्धमा ।**

**श्री सम्पूर्ण सामुदायिक बिद्यालयहरु**
**कुशे गाउँपालिका जाजरकोट ।**

प्रस्तुत बिषयमा **सेनिटरी प्याड (बितरण तथा ब्यबस्थापन) कार्यविधि २०७६** बमोजिम यस गाउँपालिकाले गाउँपालिका अन्तर्गतका सबै बिद्यालयमा अध्ययनरत प्याड आवश्यक पर्ने छात्राहरुलाई पुग्ने गरी खरिद गरेर यहाँसम्म ल्याइसकेको हुँदा उक्त प्याड शिक्षा युवा तथा खेलकुद शाखाको समन्वयमा सूचना भएको मितिले ७ दिन भित्र देहायका निर्देशन र सिमा भित्र रहि बुझि लिइ बितरण गर्ने ब्यबस्था मिलाउनु हुन हार्दिक अनुरोध छ ।

शाखा प्रमुख
२/१९
**(शाखा प्रमुख)**

**देहाय,**

१) बिद्यालयमा सेनिटरी प्याडको भण्डारण सुरक्षित तरिकाले गर्ने ।
२) महिला शिक्षक वा बाल बिकासका सहजकर्ता वा स्वास्थ्य बिषय शिक्षकबाट प्याड बितरण गर्ने ब्यबस्था मिलाउने ।
३) महिनावारी हुने अवस्थाका बालिकाको संख्या एकिन गरी शिक्षा युवा तथा खेलकुद शाखामा सेनिटरी प्याड माग गर्ने ।
४) सेनिटेरी प्याड बितरण गरेको भरपाइ सुरक्षित राख्ने ।
५) सेनिटेरी प्याड प्रयोग गर्ने तरीका सम्बन्धि छात्रालाई आधारभुत जानकारी गराउने ।
६) एउटा महिनावारी चक्रकालागि बढीमा सोह्र वटासम्म प्याड उपलब्ध गराउन सकिने ।
७) प्रयोग भएका प्याडहरु सुरक्षित तरिकाले बिसर्जन गर्ने ।
८) प्रत्येक महिनाको पहिलो हप्ता , प्याड बितरण गरेको सूचना सार्वजनिक गर्ने ।
९) कुनै पनि अबस्थामा सेनिटरी प्याडको दुरुपयोग हुन नदिने ।